"स्वच्छ, सृजनशील समृद्ध औद्योगिक नगर हेटौंडा"

# हेटौंडा उपमहानगरपालिका

# नगर सभा

## १४ औं अधिवेशन

स्थान: गुम्बाडाँडा, हेटौंडा-१८

मिति: २०८० पौष २१

**नगर सभाका अध्यक्षज्यू,**
**नगरसभाका सचिवज्यू एवम्**
**नगर सभा सदस्यज्यूहरु ।**

१. मुलुक सङ्घीय शासन प्रणालीमा रुपान्तरण भएसंगै संङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह कायम भई राज्यशक्तिको प्रयोग संविधान र कानुन बमोजिम तीनवटै तहले गर्ने व्यवस्था भएको छ । नेपालको संविधान बमोजिम राज्यशक्तिको वाँडफाँड भई स्थानीय सरकार संचालनका क्रममा दुई वटा आवधिक निर्वाचन सम्पन्न भई यस उपमहानगरपालिकाको नगरसभाको चौधौं अधिवेशनसम्म आई पुगेका छौ । चालु आर्थिक वर्ष को लागि स्वीकृत नीति कार्यक्रम र बजेट कार्यान्वयनबाट भएका उपलब्धिहरुलाई समेट्दै हालसम्मको प्रगति समीक्षा एवं संशोधित बजेट नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न पाँउदा थप उत्साहित भएको छु ।

२. सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना र यसको सफल कार्यान्वयनका लागि विभिन्न समयक्रमको संघर्ष र आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने महान सहिदहरुप्रति हार्दिक श्रद्धा सुमन अर्पण गर्दछु । उपमहानगरपालिकालाई यो अवस्थासम्म ल्याई पुऱ्याउन अथक प्रयास गर्नुहुने समस्त जनप्रतिनिधिहरु, राजनीतिक दलहरु, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी मित्रहरु, प्रमुख प्रशासकीय अधिकृत सहित सम्पूर्ण कर्मचारीहरु तथा समस्त नगरवासीहरुमा हार्दिक कृतज्ञता अर्पण गर्दछु ।

३. संविधान कार्यान्वयनका महत्वपूर्ण आधारहरु निर्माण गरी मूलतः संक्रमणकाल समाप्त भई स्थायित्व विकसित हुँदै गएको घडीमा यस गरिमामय सभामा गत २०८० आषाढमा सम्पन्न नगर सभाको तेह्रौं अधिवेशनबाट स्वीकृत चालु आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटको समीक्षा सहित संशोधित बजेट तथा कार्यक्रम माथि छलफल गरी सम्मानित सभाले विकासको मार्ग प्रशस्त गर्नेछ भन्ने विश्वास लिएको छु ।

४. हालसम्म प्राप्त राजनीतिक उपलब्धिहरुको रक्षा गर्दै आर्थिक सामाजिक एवं सांस्कृतिक रुपान्तरणका माध्यमबाट नगरवासीहरुको सर्वोत्तम हित र उन्नति

प्रत्याभूत गर्ने दिशामा उपमहानगरपालिका अहोरात्र लागि परेको फलस्वरुप जनताको सवैभन्दा नजिकको सरकारको रुपमा रहेको स्थानीय तहको सेवालाई राष्ट्रिय हित र स्वाभिमानको संरक्षण एवम् प्रवर्द्धन गर्ने तथा नागरिकका समस्याहरु पहिचान गरी सम्बोधन गर्ने जनताका जनप्रतिनिधि नै हुन् भन्ने विश्वास आम रुपमा बलियो हुँदै गएको छ ।

५. "स्वच्छ, समृद्ध, सृजनशील औद्योगिक नगर हेटौंडा भन्ने सोचका साथ नेपाल सरकारको "समृद्ध नेपाल सुखी नेपाली" तथा प्रदेश सरकारको "स्वस्थ, सुसंस्कृत र सुखी जनता, समाजवाद उन्मुख समृद्ध प्रदेश" को राष्ट्रिय तथा प्रादेशिक आकांक्षा पूरा गर्ने अभियानप्रति उपमहानगरपालिका पूर्ण प्रतिबद्ध रहदै संघ सरकारको चालु १५ औं पञ्चवर्षीय योजना एवं बागमती प्रदेश सरकारको प्रथम आवधिक योजनाको आधारमा यस उपमहानगरपालिकाको प्रथम आवधिक योजना तर्जुमा कार्य सम्पन्न भएको छ ।

६. सार्वजनिक प्रशासनलाई स्वच्छ, सक्षम, निष्पक्ष, पारदर्शी, जनउत्तरदायी र सहभागितामूलक बनाई राज्यबाट प्रवाह गरिने सेवा सुविधामा आम नागरिकहरुको समान र सहज पहुँच सुनिश्चित गरी सुशासनको अनुभूति दिनु आजको प्रमुख आवश्यकता भएकोले यस तर्फ निर्वाचित पदाधिकारी र कर्मचारीहरुको साझा प्रयास अगाडि वढी रहेको हुँदा उपमहानगरपालिकाले महत्वपूर्ण उपलब्धि हासिल गर्न सफल भएको छ ।

**नगरसभाका अध्यक्ष महोदय,**

**अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षमा भएका केही महत्वपूर्ण कार्यहरुको विवरण प्रस्तुत गर्दछु ।**

७. सवैभन्दा नजिकको सरकारबाट दैलोमा सेवा प्रदान गर्ने अभिप्रायले यस उपमहानगरपालिकाको सवै वडा कार्यालयहरुमा खर्च केन्द्र स्थापना गरी चालु आर्थिक वर्षदेखि वडा कार्यालय मार्फत कार्यान्वयन हुने परियोजना तथा कार्यक्रमहरु वडामै सम्झौता हुने, वडाबाटै अन्तिम भुक्तानी हुने व्यवस्था मिलाइएको छ ।

८. उपमहानगरपालिकाको प्रथम आवधिक योजना तथा मध्यमकालीन खर्च संरचना तयार भई योजनाबद्ध विकास प्रकृयाको थालनी भएको छ ।

९. उपमहानगरपालिकाको विपद जोखिम नक्सांकनको कार्य पूरा भई विपदको पूर्वानुमान, प्रतिकार्य र विपद जोखिम व्यवस्थापन कार्यमा सहजता भएको छ ।

१०. उपमहानगरपालिकाको पहिचान राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रुपमा अभिवृद्धि गर्ने उद्देश्यले देशभित्र र वाहिरका विभिन्न स्थानीय तहहरु संग सम्बन्ध स्थापित गर्ने कार्य अगाडि वढाइएको छ । यस क्रममा सिन्धुपाल्चोक जिल्लाको पाँचपोखरी थाङ्गपाल गाउँपालिकासंग भगिनी सम्बन्ध स्थापना गरी पर्यटकीय महत्वको संरचना निर्माणका लागि बजेट सहकार्य समेत गरिएको छ । यसका अलावा विगतमा भागिनी सम्बन्ध स्थापित भएका ललितपुर महानगरपालिका र बुटवल उपमहानगरपालिकासंग समेत आपसी हितका विर्षयमा थप सहकार्यको पहल भएको छ । यसैगरी अन्तर्राष्ट्रिय रुपमा चीनको युनान प्रान्त अन्तर्गतका नगरसंग भगिनी सम्बन्ध स्थापनाका लागि यस उपमहानगरपालिकाबाट आवश्यक पहल भइरहेको समेत यस सम्मानित सभा समक्ष जानकारी गराउदछु ।

**नगरसभाका अध्यक्ष महोदय,**
**अब म यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षमा सम्पन्न भएका मुख्य मुख्य क्षेत्रगत कार्यक्रमहरुको समीक्षात्मक प्रस्तुति अगाडि वढाउने अनुमति चाहन्छु ।**

## पूर्वाधार तथा सहरी विकास

११. Citynet, ICLEI, लगायतका अन्तर्राष्ट्रिय संघसंस्थाहरुमा आवद्धता वृद्धि भई अन्तर्राष्ट्रिय परिदृष्यमा यस उपमहानगरपालिकालाई परिचित गराउने र

विभिन्न बाह्य मुलुक तथा शहरहरुका अभ्यासहरु तथा सिकाइ आदान प्रदान गर्ने अवसरहरु वृद्धि हुँदै गएको छ ।

१२. पूर्वाधार क्षेत्र तर्फको चालु आर्थिक वर्षको नगर स्तरीय ६२ आयोजना र वडा स्तरीय ९५६ आयोजना गरी जम्मा आयोजना संख्या १११८ भएकोमा हालसम्म नगर स्तरीय १५ वटा आयोजना र वडा स्तरीय २१७ वटा आयोजना सम्झौता भएको छ । सम्झौता भएका आयोजना मध्ये ३२ वटा सम्पन्न समेत भई सकेको र अन्य ९८६ वटा आयोजना कार्यान्वयनको चरणमा रहेको यस सम्मानित सभा समक्ष जानकारी गराउदछु । गत आर्थिक वर्षको जिम्मेवारी सरी आएका योजनाहरु मध्ये ११० वटा योजनाहरु सम्पन्न भई सकेका छन भने ६१ वटा आयोजना सम्पन्न हुने क्रममा रहेका छन । पूर्वाधार विकास कार्यक्रमको भौतिक प्रगति तर्फ प्रथम चौमासिक अवधिमा कंक्रिट सडक २  कि.मि., कालोपत्रे ३५५ मीटर, शैक्षिक पूर्वाधार तर्फ १ वटा, सांस्कृतिक जगेर्ना तर्फ गुम्बा निर्माण तर्फ २ वटा, मन्दिर निर्माण तर्फ ५ वटा, मदरसा १ वटा र यात्रु प्रतिक्षालय १ वटा निर्माण भएका छन् ।

१३. यस उपमहानगरपालिकाको गौरवका आयोजनाको रुपमा रहेको वडा नं.१० स्थित एकीकृत बस टर्मिनल निर्माण कार्यको भौतिक प्रगति ७० प्रतिशत हासिल भएको छ । चालु आर्थिक वर्ष  को अन्त्य सम्ममा निर्माण कार्य सम्पन्न गर्ने लक्ष्यका साथ कार्य अगाडि बढाइएको छ ।

१४. समपूरक अनुदान अन्तर्गत प्रदेश सरकार यस उपमहानगरपालिकाको संयुक्त लगानीमा सम्पन्न हुने वडा नं १२ स्थित तीनताप्के पुलदेखि घडेरी डाँडा सडक स्तरीकरण र वडा नं १८ को फुर्केचौर एक्लेखेत दोभानचौर रिगंरोड स्तरीकरण कार्यको सम्झौता कार्य अन्तिम चरणमा पुगेको छ ।

१५. सङ्घीय सरकारको विशेष अनुदान र प्रदेश सरकारको विशेष अनुदानबाट निर्माण हुने वडा नं ४ स्थित  श्रमिक मा.वि. भवन निर्माण र वडा नं १८ स्थित ज्योती उच्च मा.वि.भवन निर्माण कार्यको बोलपत्र सूचना प्रकाशन भई सकेको छ ।

१६. सबै वडा कार्यालयहरुको आफ्नै भवन निर्माण गर्ने लक्ष्य अनुरुप वडा नं ७ र वडा नं १२ को  कार्यालय भवन निर्माण कार्य सम्पन्न भई सेवा प्रवाह समेत सुचारु भएको छ । वडा नं ५ र वडा न. १६ को  कार्यालय भवन निर्माण कार्यको प्रारम्भिक प्रक्रिया अघि बढाईएको छ । हालसम्म १६ वटा वडा कार्यालयको आफ्नै भवनमा रहेका छन भने ३ वटा वडा कार्यालय भाडामा रहेको अवस्था छ ।

१७. सहरको रात्री सुन्दरता अभिवृद्धि एवम्  जोखिम शान्ति सुरक्षाको अवस्था सुदृढ बनाउन नेपाल विद्युत प्राधिकरण र यस उपमहानगरपालिकाको साझेदारीमा नगरका महत्वपूर्ण स्थानहरुमा हाई मास्ट विद्युत लाईट जडान कार्यको लागि आवश्यक प्रकृया अगाडि वढाइएको छ ।

१८. भवन इजाजत तर्फ चालु आर्थिक वर्ष को मंसिर मसान्तसम्म भवन निर्माणका लागि नक्सा दर्ता ९४, नक्सा स्वीकृति ७८, नक्सा म्याद थप २०, नक्सा नामसारी ४७, सडक बाटो सार्वजनिक ४, जग्गा विकास स्वीकृति १ रहेको     छ ।

१९. वडा नं. ८ को करिब २१ बिघा र वडा नं. ४ को करिब ८ बिघा जग्गा उपमहानगरपालिकाको पहलमा नगर विकास समिति मातहत ल्याईएको छ ।

## आर्थिक विकास तर्फ

२०. चालु आर्थिक वर्ष  को स्वीकृत युवा लक्षित कृषि विकास कार्यक्रम, साना सिंचाई कार्यक्रम, फलफूल पकेट अन्तर्गत ड्रागन, केरा, मेवा लगायत अन्य फलफूल खेती विकास कार्यक्रमका लागि सूचना प्रकाशन भई आवेदन संकलन भई सकेको छ । कृषि यान्त्रिकीकरण अन्तर्गत च्याप कटर, हाते ट्याक्टर, पावर ई स्प्रे वितरण प्रकृया अगाडि वढाइएको छ ।

२१. हेटौँडा १६ मा स्थापना भएको माटो परीक्षण प्रयोगशालाबाट नियमित माटो जाँचको कार्य भइरहेको छ । हालै उक्त प्रयोगशालाका लागि एक जना प्राविधिक समेत नियुक्त गरी कार्य आगाडि वढाइएको छ ।

२२. संघ र प्रदेश फलफूल प्रवर्द्धन कार्यक्रम, चेपाङ्ग समुदायको लागि मौरी प्रवर्द्धन सञ्चालन  कार्यक्रम कार्यान्वयनमा रहेको छ । यसै गरी प्रदेश सरकारको बजेटबाट कार्यान्वयन हुने पुष्पखेती प्रवर्द्धन सञ्चालन  कार्यक्रम समेत कार्यान्वयनमा रहेको छ ।

२३. यस कार्यालयबाट मोवाईल माटो परीक्षण शिविर वडा नं १७ र वडा नं १८ मा सञ्चालन हुनुका साथै किसान सूचीकरण कार्यक्रम वडा नं ६, १६, १७ र १८ मा संचालनमा भइरहेको छ ।

२४. उन्नत बालीको वीउ अनुदान कार्यक्रम अन्तर्गत तोरीको वीउ २२९० के.जी., गहुको वीउ ३७५५ के.जी. र तरकारी मिनि किट ६००० प्याकेट वितरण गरिएको छ ।

२५. पशु विकास अन्तर्गत युवा लक्षित पशुपालन कार्यक्रम, एक गोठ एक पाडी कार्यक्रम, हल गोरु पालन प्रोत्साहन कार्यक्रम, कुखुरा पालन, विपन्न महिला पशुपालन कार्यक्रम, छोरी पशुधन कार्यक्रम, माछा हाँस, रैथाने गाई संरक्षण कार्यक्रम कार्यान्वयनका लागि सूचना प्रकाशन भई लाभग्राही छनौट भइसकेको छ ।

२६. विश्व रेविज दिवसको अवसरमा सप्ताहव्यापी कार्यक्रम आयोजना गरी ३०० वटा कुकुरलाई रेविज विरुद्ध खोप लगाई रेविज कार्ड वितरण गरिएको छ ।

२७. यस अवधि बिचमा पशुपंक्षी विकास शाखा तर्फ मेडिकल उपचार २७४५ पशु, गाइनोक्लोजिकल उपचार ३५६ पशु, माइनर सर्जिकल ४ पशु, गोबर परीक्षण ५०२ पशु, रगत परीक्षण ४८ पशु, खोरेत रोग विरुद्धको खोप सेवा

१९७०० पशु र कृतिम गर्भाधान कार्यक्रमबाट ५७५२ पशुमा सेवा प्रदान गरिएको छ ।

२८. सेवा केन्द्रहरुबाट जै घाँस ५५९५ के.जी. र वर्सिम १०० के.जी. घाँसको विऊ विवरण गरिएको छ ।

२९. उपमहानगर क्षेत्रमा सञ्चालित २२५ सहकारी मध्ये चालु आर्थिक वर्ष को हालसम्मको अवधिमा ३१ वटामा अनुगमन गरिएको, कोपोमिस अनुसार विवरण पेश गर्ने संख्या १२५ रहेको साथै सहकारी संस्थाहरुको विनियम स्वीकृति तथा साधारण भेला गरी १०५ वटाको विवरण पेश भएको छ । विनियम संसोधन तथा पुर्नलेखन कार्य ६ वटा सहकारीबाट भएको छ भने आर्थिक अनुशासन पालना नगर्ने ६ वटा सहकारी संस्थाहरु कारवाहीमा परेका छन् ।

३०. साविक जिल्ला विकास समितिमा दर्ता भई यस कार्यालयमा नवीकरणका लागि आएका घ वर्गको निर्माण व्यवसाय इजाजत मध्ये चालु आर्थिक वर्ष मा १४५ वटा नवीकरण, ७ वटा नामसारी र ४ वटा नयाँ दर्ता भएका छन् ।

३१. उपमहानगरपालिका भित्रका उद्यमीले उत्पादन गरेका वस्तुको बजारीकरणको लागि जाल्पादेवी महिला उद्यमी केन्द्रको समन्वयमा हेटौंडा ४ मा कोसेली घर प्रभावकारी रुपमा संचालनमा रहेको छ । वडा नं १८ र १० मा ढाका कपडा उत्पादन कार्य भई रहेको अवस्था छ ।

३२. मेड्पा कार्यक्रम तेस्रो वर्षमा संचालित रहेको छ । यस कार्यक्रममा प्रस्ताव पेश गर्नका लागि आवेदन प्राप्त भई सकेको छ । आवश्यकताको आधारमा वडा छनौट गरी कार्यक्रम कार्यान्वयन गरिने छ ।

३३. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत १९ वटै वडामा सूचीकृत ८८५ बेरोजगार व्यक्तिहरुको नामावली EMIS मा प्रविष्ट गरिएको र रोजगारी प्रदान गर्नका लागि १० वटा योजना छनौट कार्य भई सकेको छ । यस कार्यक्रम अन्तर्गत नमूना रोजगार कार्यक्रम १९ वटै वडामा संचालनमा रहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**
**अब म चालु आर्थिक वर्ष  को मंसिर मसान्तसम्मको राजश्व अनुमान तथा प्रगति सम्बन्धी प्रतिवेदन प्रस्तुत गर्दछु ।**

३४. सङ्घीय सरकारद्वारा २०७७ श्रावणमा जारी ढुंगा, गिट्टी, बालुवा उत्खनन, विक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ का केही प्रावधानहरुका कारण नदीजन्य पदार्थ (ढुंगा, गिट्टी, बालुवा) उत्खनन, संकलन तथा विक्री वितरण हुन सकेको छैन । नदीजन्य निर्माण सामग्रीको अभावमा विकास निर्माणका कार्यहरु अवरुद्ध हुन पुगेका छन् । यसरी ठेक्का मार्फत राजश्व संकलन गर्न नपाउँदा नदीजन्य पदार्थहरुको चोरी निकासी बढेको र त्यसलाई नियन्त्रण गर्ने क्रममा पक्राउ परेका ढुवानीका साधनहरुमा लगाइएको जरिवानाबाट रु. ९ लाख १६ हजार र राष्ट्रिय महत्वका योजना तथा उपमहानगरपालिकाबाट विनियोजन भएका आयोजना कार्यान्वयनका लागि उपलब्ध गराइएको नदीजन्य सामग्रीबाट हालसम्म रु.२ लाख ३ हजार गरी जम्मा रु. ११ लाख १९ हजार संकलन भएको छ ।

३५. नदीजन्य सामग्रीबाट चालु आर्थिक वर्ष मा रु ५ करोड आय प्रक्षेपण गरिएको सम्मानित सभा समक्ष स्मरण गराउदछु ।

३६. नदीजन्य पदार्थको राजस्व संकलन हुन नसकेपनि व्यवसाय दर्ता अभियान संचालन, सम्पत्ति कर र वहाल आयको प्रभावकारी परिचालन र समग्र राजस्व प्रशासनको कार्य कुशलताबाट चालु आर्थिक वर्ष का लागि कुल रु.३० करोड ९४ लाख राजस्व प्रक्षेपण गरिएकोमा चालु आर्थिक वर्ष को पौष १५ गतेसम्म रु.१५ करोड ४५ लाख  आय भएको छ जुन कुल लक्ष्यको करिब ५० प्रतिशत हुन आउछ । गत आर्थिक वर्ष को यसै अवधिमा भन्दा चालू आर्थिक वर्ष को राजस्व संकलन ८ प्रतिशतले वृद्धि भएको देखिन्छ । चालु आर्थिक वर्ष को शीर्षकगत रुपमा संकलन भएको राजस्वको विवरण अनुसूची १ मा संलग्न गरेको छु ।

३७. नगर क्षेत्रका विभिन्न कारणवाट व्यवसाय दर्ता हुन छुट भएका व्यवसायहरुलाई करको दायरामा ल्याउने उद्देश्यले दर्ता नभएका

व्यवसायहरुको विवरण संकलन कार्यका लागि १९ वटै वडाहरुमा टोली परिचालन गरिएकोमा हालसम्म ४७४ वटा थप व्यवसाय दर्ता भई रु.२४ लाख ५६ हजार थप राजस्व संकलन भएको छ । व्यवसाय दर्ता अभियानको समय चालू आर्थिक वर्ष को पौष मसान्तसम्म कायम गरिएकोमा यो अभियान अत्यतै प्रभावकारी भएकोले थप २ महिना अर्थात फागुन मसान्तसम्म थप गर्न प्रस्ताव गरेको छु ।

३८. घरवहाल कर यस उपमहानगरपालिकाको महत्वपूर्ण स्रोत भएकोले सोको विवरण संकलन एवं घरवहाल आय स्वयं घोषणा अभियान तत्काल संचालनमा ल्याउने कार्यक्रमको सभा समक्ष प्रस्ताव गर्दछु ।

३९. उपमहानगरपालिका भित्र सञ्चालनमा रहेका अटो र ई रिक्साको दर्ता, नवीकरण, रुट परमिट तथा अन्य नियमन कार्य उपमहानगरपालिकाबाट गर्न वागमती प्रदेश श्रम, रोजगार तथा यातायात मन्त्रालयबाट निर्णय भई परिपत्र समेत भई सकेको छ । यस कार्यवाट उपमहानगरपालिकाको आयमा उल्लेखनीय वृद्धि हुने अनुमान गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

४०. न्यायिक समिति अन्तर्गत चालु आर्थिक वर्ष  को यस अवधि बिचमा ११९ वटा विवाद दर्ता भएको जसमध्ये मिलापत्र भएको ४७ , मुद्धा फिर्ता २, मुल्तवीमा रहेको ४, सम्बन्धित न्यायिक निकायमा जान सुनाइएको ४ र प्रक्रियामा रहेको ६२ वटा विवाद रहेका छन ।

४१. पाक्षिक न्यायिक डबली रेडियो कार्यक्रम र द्वैमासिक न्यायिक गतिविधि टेलिभिजन कार्यक्रम सञ्चालन प्रकृया अघि वढाइएको छ ।

४२. उपमहानगरपालिकाबाट सम्पादन गर्नुपर्ने विभिन्न विर्षयहरु कार्यान्वयनका लागि ऐन २, नियमावली ३, कार्यविधि/ निर्देशिका ९ र मापदण्ड १ स्वीकृत भएको छ ।

४३. खाद्य वस्तुको गुणस्तर तथा नापतौलको विर्षयमा संयुक्त बजार अनुगमन टोलीबाट यस अवधिमा  ९ पटक बजार अनुगमन गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

४४. सेवा प्रवाहलाई चुस्त र पारदर्शी बनाई सुशासनको प्रत्याभूति दिनका लागि उपमहानगरपालिकाबाट सम्पादित गतिविधिहरुको बारेमा सुसूचित गराउन नियमित सूचनाहरु सार्वजनिक भइरहेको छ । स्थानीय रेडियो, दैनिक पत्रिका, साप्ताहिक पत्रिका र अनलाइन मिडियाहरु मार्फत सुशासनको लागि आवश्यक सूचनाहरु नियमित प्रशारण तथा प्रकाशन भइरहेको छ ।

४५. नेपाल सरकारद्धारा जारी गरिएको एकीकृत अपाङ्गता सूचना व्यवस्थापन प्रणाली मार्फत सेवा प्रवाह सुचारु गरिएको छ ।

४६. विद्यालयहरुको सम्पूर्ण विवरण समेटिएको एकीकृत सूचना प्रणाली तयार भई विभिन्न विद्यालयहरुको परीक्षा नतिजा प्रकाशन अनलाईन मार्फत निरन्तर रुपमा भई रहेको छ ।

**वन, वातावरण तथा विपद व्यवस्थापन**

४७. यस नगरीलाई फूलैफूलको सहरको रुपमा विकास गर्ने योजना अनुरुप चालु आर्थिक वर्ष को मंसिर मसान्तसम्म मुख्य बजार क्षेत्रका विभिन्न स्थानमा १८ हजार १ सय ४२ वटा विभिन्न जातका फूल विरुवा लगाउने कार्य सम्पन्न भएको छ । बजार क्षेत्रको अशोक लगायतका बोट बिरुवाको फेद र क्यारीमा रंगरोगन कार्य सम्पन्न गरिएको छ ।

४८. राप्ती पूलदेखि फोहोर विसर्जन स्थल जाने बाटोमा १०० वटा रिङ गमला सहित फूल बिरुवा रोपी राप्तीतटलाई सौन्दर्यकरण गरिएको छ ।

४९. वन तथा भूसंरक्षण विभागबाट प्राप्त भएको रु.६५ लाख बजेटबाट वडा नं ४,५,७,८ र १० मा गरी जम्मा १९५५ वटा रिगं , ट्रि गार्ड र विभिन्न जातको फूल तथा विरुवा रोपण कार्य सम्पन्न गरिएको छ ।

५०. आगलागीजन्य विपद जोखिम नियन्त्रण गर्न चालु आर्थिक वर्ष मा एक थान वारुण यन्त्र खरिद गरी कार्यान्वयनमा ल्याइएको छ । चालू आर्थिक वर्ष को यस अवधिमा नगर क्षेत्रका २२ र जिल्ला बाहिर १ स्थानमा आगलागी नियन्त्रण कार्यमा वारुण यन्त्र प्रयोग भएको छ ।

५१. जोखिम व्यवस्थापनका लागि मुख्य बजार क्षेत्र लगायत अन्य स्थानमा करिव ८६२ वटा रुख विरुवा काँटछाँट गरिएको छ ।

५२. नगर विपद व्यवस्थापन समितिबाट आगलागी घटना पिडित सात जनालाई नगद राहत उपलब्ध गराइएको साथै वडा नं १६ मा हावाहुरीबाट पूर्ण रुपमा घर क्षति भएको प्रभावित व्यक्तिलाई रु.१ लाख आवास निर्माण खर्च उपलब्ध गराइएको छ । यसैगरी सोही वडा स्थित वि.पी. आधारभूत विद्यालयलाई समेत विद्युतीय सामग्री मर्मत तथा खरिदका लागि आवश्यक सहयोग उपलब्ध गराइएको ।

५३. यस अवधिमा शववाहनले १११ पटक सेवा प्रदान गरेको छ । २० वटा वेवारिसे लास सत्गत गरिएको छ । शवदाह मेसिनबाट ३६ वटा शव नि:शुल्क सत्गत गरिएको छ । सेफ्टि ट्याङ्कको दिसाजन्य लेदो व्यवस्थापन गर्न सक्सन मेसिनले जम्मा २० पटक सेवा प्रदान गरेको जस अन्तर्गत १० पटक नि:शुल्क सेवा प्रदान गरिएको ।

५४. किटजन्य रोगको महामारी रोकथाम अन्तर्गत यस नगरको मुख्य बजार क्षेत्रमा डेंगु रोगको प्रकोप गम्भिर देखिएको कारण नगर क्षेत्र भित्र औषधी छर्ने, नाला सफाई, सडक छेउको झार फडानी गर्ने, ग्यारेजबाट टायरहरु उठाउने र वडा स्तरमा जनचेतना कार्यक्रम एवं सरसफाई अभियान बृहत रुपमा सञ्चालन गरिएको छ ।

५५. “सफा हेटौँडा अभियान” अन्तर्गत ६ जना टिपन टापन कर्ता लगायत अन्य सरसफाई कर्मीहरु र साझेदार संस्थाहरुबाट नगर क्षेत्रमा दैनिक सरसफाई गर्ने गरिएको साथै मागको आधारमा विभिन्न सार्वजनिक स्थल, टोल विकास संस्था, र सरकारी कार्यालयलाई डष्टविन उपलब्ध गराइएको छ ।

५६. उपमहानगरपालिकाको विभिन्न सार्वजनिक निर्माण तथा विपद्को समयमा बाटो खुलाउन जेसीभि जम्मा १२३३ घण्टा प्रयोग भएको साथै नगरको विभिन्न वडामा १०३ ट्रिप सामग्री झारी ग्राभेलिङ्ग गरिएको छ । यस अवधिमा उपमहानगरपालिकाको ग्रेडर जम्मा २३६ घण्टा प्रयोगमा आएको जसमध्ये ५८ घण्टा नि:शुल्क उपलब्ध गराइएको छ ।

५७. स्थानीय आपतकालीन कार्य सञ्चालन केन्द्र LEOC संचालनका लागि कार्यविधिको मस्यौदा तयार भई स्थापना गर्ने प्रकृयामा रहेको छ ।

५८. नगरव्यापी समावेशी सरसफाई कार्यक्रम सञ्चालन गर्न लुमन्ती आवासका लागि सहयोग, वातावरण तथा जनस्वास्थ्य संस्था ENPHO र खानेपानी तथा सरसफाई उपभोक्ता महासंघसंग परियोजना सम्झौता सम्पन्न भएको छ । यसैगरी नेपाल नगरपालिका संघ (MuAN) र ENPHO को प्राविधिक सहयोगमा नगरस्तरीय सरसफाई तथा दिसाजन्य लेदो व्यवस्थापन सम्बन्धी परियोजना सम्झौता भई कार्यान्वयनको प्रक्रिया निरन्तर रहेको छ ।

५९. नगरभित्र यत्रतत्र छरिएका अटोमोबाइल र अटोमेकानिक्सबाट वातावरणीय प्रदूषण भइरहेकोले प्रदूषण न्यूनीकरण तथा नगर सौन्दर्यकरणका लागि वडा नं. ११ मा अटोभिलेज निर्माण गरी स्थानान्तरण गर्ने कार्य अगाडि बढाइएको छ ।

६०. वातावरण र सरसफाईको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरुसंग थप सहकार्यलाई अगाडि वढाउने क्रममा कोरियाली संस्थासंग समेत सहयोगको लागि पहलकदमी गरिएको छ ।

**नगर सभाका अध्यक्ष महोदय**

**अब म सुशासन प्रवर्द्धन सञ्चालन  तथा कार्यालयबाट प्रवाह गरिने सेवालाई गुणस्तरीय तथा प्रभावकारी बनाउन संस्थागत सुदृढिकरण तथा संस्थागत सुधार अन्तर्गत यस अवधि बिचमा सम्पन्न भएका कार्यहरुको प्रगति अवस्था यस सम्मानित सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।**

६१. कर्मचारीको वृत्ति विकास अन्तर्गत “स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७८“ बमोजिम स्वास्थ्य तर्फका २ जना कर्मचारीको तहवृद्धि गरिएको छ ।

६२. प्रदेश लोकसेवा आयोगबाट छनौट तथा सिफारिस भई आएका अधिकृत स्तर नवौं तहका थप ५ जना कर्मचारीहरुलाई यस कार्यालयमा नियुक्ति दिई पदस्थापना गरिएको छ । उच्च तहका जनशक्ति व्यवस्थापन भएबाट उपमहानगरपालिकाको सेवा प्रवाहमा थप सुधार, राजस्व क्षमता वृद्धि लगायत समग्र क्षेत्रमा प्रभावकारिता अभिवृद्धि हुने विश्वास लिइएको छ ।

६३. कार्यालयमा कार्यरत मध्ये उत्कृष्ट कर्मचारीहरु छनौट तथा निर्णय कार्य सम्पन्न भई सम्मान तथा पुरस्कारको लागि प्रक्रिया अगाडि बढाइएको छ ।

६४. कार्यालयको सेवा प्रवाहलाई प्रभावकारी बनाउन महाशाखा, शाखा प्रमुखहरु तथा वडा सचिवहरुसँग नियमित अन्तरक्रिया र छलफल कार्यक्रम गरिएको छ । सेवा केन्द्रहरु, वडा कार्यालय, स्वास्थ्य संस्थाहरुको सेवा प्रवाहको अवस्था अनुगमन गरिएको छ । छिटो छरितो सेवा प्रवाहका लागि जिम्मेवार अधिकारीहरुलाई कार्य विवरण सहित अधिकार प्रत्यायोजन गरिएको छ ।

६५. सुशासन प्रवर्द्धन सञ्चालन का लागि कार्यालय तथा वडा कार्यालयहरुमा नागरिक वडापत्रको व्यवस्था गरिएको छ । सेवाग्राहीहरुको गुनासो सुनुवाई तथा आवश्यक सहजीकरणको लागि हटलाईन सेवा सञ्चालन र हेल्प डेस्कको व्यवस्था निरन्तर रुपमा संचालनमा रहेको छ ।

६६. कर्मचारीहरुको वृत्ति विकासका लागि विभिन्न पद तथा सेवाका कर्मचारीहरुलाई सेवाकालीन तालिम तथा छोटा अवधिका तालिम तथा कार्यक्रममा सहभागी गराइएको छ ।

६७. कार्यालयमा रिक्त आवश्यक जनशक्ति व्यवस्थापन गर्न स्थायी पदपूर्तिका लागि प्रदेश लोक सेवा आयोगको वार्षिक कार्यतालिका बमोजिम विभिन्न पदका ५२ जना कर्मचारीको माग आकृति फारम भरी प्रदेश लोक सेवा आयोगमा पठाइएको छ ।

६८. चालु आर्थिक वर्ष  को यस अवधिमा कार्यालय सञ्चालन तथा सेवा प्रवाह तर्फ हेर्दा नेपाली नागरिकता प्रमाणपत्रका लागि सिफारिस १२३१, नागरिकता प्रतिलिपि सिफारिस १६०४, चारकिल्ला प्रमाणित सिफारिस ३३५६, नाता प्रमाणित सिफारिस ४१४, खानेपानी धारा जडान सिफारिस २०८, बिजुली जडान सिफारिस ४२८, वस्तुगत विवरण प्रमाणित २१४७, जग्गा नामसारी

सिफारिस १२६, नाता कायम प्रमाणित १६३१ र अन्य सिफारिसहरु २१९३६ गरी जम्मा ३३ हजार ८३ वटा सेवा उपलब्ध गराइएको छ ।

६९. व्यक्तिगत घटना दर्ता तर्फ चालु आर्थिक वर्ष को मंसिर मसान्तसम्म जन्म दर्ता १२०४, मृत्यु दर्ता ३७८८, विवाह दर्ता ५३५, सम्बन्ध बिच्छेद ११५ र बसाई सराई ५४३ गरी कुल २ हजार ७ सय ८५ व्यक्तिगत घटना दर्ता भएको छ ।

७०. चालु आर्थिक वर्ष को प्रथम त्रैमासिकमा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने जेष्ठ नागरिक (७० वर्ष माथि) ८ हजार ५ सय ६ जना, जेष्ठ नागरिक दलित ३७८ जना, जेष्ठ नागरिक एकल महिला (६० वर्ष माथि) १ हजार ३८३ जना, विधवा महिला (६० बर्ष भन्दा कम) २ हजार २२८ जना, पूर्ण अपाङ्ग २८६ जना, आंशिक अपाङ्ग ५७१ जना र दलित बालबालिका (५ वर्ष भन्दा कम) ५७८ जना गरी जम्मा १३ हजार ९३० जना लाभग्राहीहरु रहेका छन् । १९ वटै वडाहरुको सम्पूर्ण लाभग्राहीहरुको चालु आर्थिक वर्ष को प्रथम त्रैमासिक अन्तर्गतको किस्ता रु १४ करोड १० लाख ९० हजार ५७८ रुपैया बैंकिङ्ग प्रणाली मार्फत वितरण गरिएको छ ।

## महिला तथा बालबालिका सामाजिक समावेशीकरण तर्फ

७१. अपाङ्गता भएका विभिन्न वर्गका कुल ७५ जनालाई अपाङ्गता परिचयपत्र वितरण गरिएको छ । विभिन्न कारणबाट अपाङ्गता भएका व्यक्तिहरुलाई लक्षित गरी ४ थान ह्वील चियर, कृतिम खुट्टा १ र कृतिम पैताला १ थान खरिद गरी वितरण गरिएको छ ।

७२. सुस्त श्रवण तथा बहिरा व्यक्तिहरुलाई सेवा प्रवाहमा सहज पहुँच सुनिश्चितताका लागि भाषा सहजीकरण गर्न मकवानपुर बहिरा संघसंगको सहकार्यमा दोभाषे व्यवस्थापन गरिएको छ ।

७३. दिवसीय कार्यक्रम अन्तर्गत राष्ट्रिय मानव बेचविखन तथा ओसारपसार विरुद्धको दिवस,अन्तराष्ट्रिय बाल दिवस, जेष्ठ नागरिक दिवस, लैङ्गिक हिंसा बिरुद्धको १६ दिने अभियान तथा अन्तराष्ट्रिय अपाङ्ग दिवसको सन्दर्भमा विभिन्न सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका छन् । अन्तराष्ट्रिय जेष्ठ नागरिक दिवसको अवसरमा ९७ जना विपन्न जेष्ठ नागरिकहरुलाई मोबाईल, छडि र ब्ल्यांकेट वितरण गर्ने कार्य सम्पन्न भएको छ ।

७४. उपमहानगरपालिकालाई बालमैत्री स्थानीय शासन अवलम्वन भएको स्थानीय तह घोषणा गर्न कार्ययोजना अनुरुप बाल समूह र सञ्जाल गठन भई क्रियाशील रहेको, वडा र नगरस्तरमा विभिन्न समितिहरुको नियमित रुपमा बैठक वस्दै आएको, सूचक सरलीकरण गरी ४ वटा वडामा सूचक मापन तथा पञ्चवर्षीय लगानी योजना तयार भएको, जोखिममा रहेका तथा सडक बालबालिकाहरुको नियमित रुपमा उद्धार तथा पुनर्स्थापना कार्य भइरहेको लगायतका बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०७९ बमोजिमका गतिविधि संचालनले निरन्तरता पाइरहेको छ ।

७५. बेवारिसे बालबालिकाहरुको व्यवस्थापन संगै यस पालिकाभित्र रहेका ९ वटा बालगृहहरुको अनुगमन गरी मापदण्ड बमोजिम सञ्चालन गर्न निर्देशन दिईएको छ ।

७६. नगर स्तरीय र वडा स्तरीय बाल समूह सञ्जाल तथा विद्यालय र टोल स्तरीय गरी जम्मा ३७५ वटा बाल समूह गठन भई अतिरिक्त क्रियाकलाप नियमित रुपमा सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

७७. प्रदेश सरकारको सशर्त कार्यक्रमबाट २० जना र पालिकाको कार्यक्रमबाट ९ जना गरी जम्मा २९ जना अभिभावक विहीन बालबालिकाको संरक्षण तथा शिक्षामा निरन्तरता दिनको लागि मासिक रु २ हजार प्रदान गरिदै आएको छ ।

७८. घरेलु हिंसा पीडित तथा प्रभावित महिला र बालबालिकाको उद्धार, उपचार र पारिवारिक पुनर्स्थापनाको लागि राजदेवी महिला बहुउद्देश्यीय सहकारी संस्था लिमिटेड, वसामाडी मार्फत जिल्ला सेवा केन्द्र सञ्चालन कार्यलाई निरन्तरता दिईएको छ ।

७९. सडकमा रहेका अभिभावक सहितका बालबालिका १३ जनालाई मानव सेवा आश्रमसंग सहकार्य गरी संस्थागत रुपमा पुनर्स्थापना, एक जना बालिकालाई कोशिश नेपाल मार्फत मनोसामाजिक परामर्श प्रदान गरी पुनर्स्थापना गरिएको, १४ जना श्रमिक बालबालिकालाई सिविन बाल हेल्पलाईनको सहकार्यमा उद्धार टोली मार्फत पुनर्स्थापना गरिएको छ । आर्थिक अवस्था कमजोर भएका १० जना बालबालिकाहरुलाई शैक्षिक सामग्री प्रदान गरी विद्यालयमा जोडिएको र वेवारिसे २ बालबालिकालाई गृह जिल्ला फर्काउने कार्य भएको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**
**अब म यस सभामा सामाजिक विकास अन्तर्गत भएका विभिन्न कार्यक्रमहरुबारे समीक्षात्मक विवरण पेश गर्दछु ।**

८०. सामाजिक विकास तर्फ स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रम, सिस्नुपानी देउसी कार्यक्रम, संस्कृति संरक्षण तथा प्रवर्द्धन कार्यक्रम, क्षमता विकास कार्यक्रम गरी कुल ४० कार्यक्रमहरु सम्पन्न भएको र अन्य कार्यक्रमहरु कार्यान्वयन प्रकृयामा रहेको छ ।

८१. गैर सरकारी संस्थाबाट नगरक्षेत्र भित्र सञ्चालन गरिने कार्यक्रमको प्रभावकारिता अभिवृद्धि गर्न अनुगमन र समन्वयलाई व्यवस्थित गर्न उपमहानगरपालिकाको स्वीकृत कार्यविधि बमोजिम नगर परियोजना परामर्श समितिबाट गैर सरकारी संस्थाहरुलाई कार्यक्रम सञ्चालन अनुमति एवम् संस्था दर्ता नवीकरणको लागि सिफारिस गर्ने कार्य निरन्तर भैरहेको छ ।

८२. यस अवधि बिचमा सुरक्षित आप्रवासन (सामी) कार्यक्रम अन्तर्गत वैदेशिक रोजगारमा जान इच्छुक २३६६ जनालाई सूचना तथा परामर्श सेवा प्रदान र १३८४ जनालाई रिटर्नी स्वयंसेवक मार्फत सूचना प्रदान गरिएको छ । आप्रवासी स्रोत केन्द्रमा ८१ वटा केशहरु प्राप्त भएकोमा सहजीकरण मार्फत ३१ वटा केशहरु समाधान हुनुका साथै रोजगारीमा गई मृत्यु र अंगभंग भएका कामदारहरुलाई रु. ७३ लाख ८१ हजार दिलाउन सहजीकरण गरिएको छ ।

८३. स्थानीय विकासको प्रक्रियामा योजना तर्जुमा, कार्यान्वयन र अनुगमनका चरणहरुमा नागरिक सहभागितालाई प्रवर्द्धन गर्न संस्थागत रुपमा अघि बढाइएको टोल विकास संस्था गठन, परिचालन र क्षमता विकासका कार्यहरुलाई निरन्तरता दिइएको छ ।

८४. नगर क्षेत्रमा हाल ३७० वटा टोल विकास संस्थाहरु दर्ता भई क्रियाशील रहेका अवस्था छ ।

८५. सुत्केरी महिलालाई स्वस्थ जीवनयापनका लागि सुत्केरी भएको ७ दिन भित्र स्वास्थ्य चेकजाँच (PNC) सहित पोषणयुक्त कोसेली उपलब्ध गराउने कार्यलाई निरन्तरता दिइएको छ । चालु आर्थिक वर्ष को यस अवधिमा ५३५ जना महिलालाई स्वास्थ्य चेकजाँच र पोषण कोसेली उपलब्ध गराइएको छ ।

८६. चालु आर्थिक वर्षको यस अवधिमा ५ वर्ष मुनिका १४,७०० बालबालिका र ५ वर्ष माथिका ४८,३५० बालबालिकालाई जुकाको औषधी खुवाइएको छ । भिटामिन ए कार्यक्रमको क्रममा १४ हजार बालबालिकाहरुलाई भिटामिन ए खुवाइएको, डेंगु रोग नियन्त्रण कार्यक्रम अन्तर्गत अभिमुखीकरण, प्रचार प्रसार एवम् लामखुट्टेको वास स्थान खोजी तथा नष्ट अभियान सञ्चालन गरिएको छ ।

८७. स्वास्थ्य तर्फ स्वीकृत वार्षिक कार्यक्रम अनुसार सबै स्वास्थ्य संस्थाको प्रमुख सहितको सहभागितामा स्वास्थ्य सेवाको अघिल्लो आर्थिक वर्ष को वार्षिक समीक्षा कार्यक्रम सम्पन्न भएको छ । महिला स्वास्थ्य स्वयम् सेविका दिवस अवसरमा हाजिरी जबाफ प्रतियोगिता समेत सम्पन्न भएको छ ।

८८. मृगौला प्रत्यारोपण, क्यान्सर, पक्षघात लगायत जटिल रोग लागेको ३२२ जना नगरवासीहरुलाई मासिक रु. ५०००।- का दरले उपचार खर्च उपलब्ध गराउने कार्य सम्पन्न भएको छ ।

८९. कोभिड १९ विरुद्ध खोप लगाएको २ हजार ९ सय ५६ जना व्यक्तिहरुलाई खोप लगाएको क्युआर कार्ड प्रमाणित गरिएको छ ।

९०. चालु आर्थिक वर्ष को मंसिर मसान्तसम्म १४४ जनालाई नेपाल सरकारले प्रदान गर्ने विपन्न नागरिक औषधी उपचार सिफारिस समिति मार्फत ८ प्रकारका दीर्घ एवम् जटिल रोगको उपचार सहयोग सिफारिस गरिएको छ ।

९१. स्वास्थ्य सेवाको सहज पहुँच सवै क्षेत्रमा पुऱ्याउने उद्देश्यले हेटौंडा १ नकौली बाभ्कोडाँडाँमा अवस्थित स्वास्थ्य संस्थाबाट नियमित स्वास्थ्य सेवा प्रारम्भ गरिएको छ ।

९२. स्वास्थ्य सेवाको अवस्था विश्लेषण गरी आगामी दिनमा सेवा सुधार गर्न स्वास्थ्य संस्था प्रमुख तथा फोकल पर्सनहरुको सहभागितामा पोषण, एकीकृत बाल स्वास्थ्य, क्षयरोग लगायतका कार्यक्रमहरुको वार्षिक समीक्षा सम्पन्न गरिएको छ ।

९३. उपमहानगरपालिकाका सम्पूर्ण स्वास्थ्य संस्थाहरुलाई न्यूनतम सेवा मापदण्डको अवस्थामा पुऱ्याउने उद्देश्यले विद्यमान अवस्था विश्लेषण गर्न समीक्षा कार्यक्रम सम्पन्न गरिएको छ ।

१४. विश्व एड्स दिवसको अवसरमा एचआईभी संक्रमितहरुलाई ब्ल्याङ्केट तथा न्यानो कपडा र पोषण खाद्यान्न सहयोग वितरण गरिएको छ ।

१५. नेपाल रेडक्रस सोसाईटीसँगको सहकार्यमा चालु आर्थिक वर्ष को यस अवधिमा ४६२ प्याकेट निःशुल्क रगत वितरण कार्य सम्पन्न गरिएको छ ।

१६. वडा नं. १३ र १६ मा रहेका स्वास्थ्य चौकीहरुलाई आधारभूत अस्पतालमा स्तरोन्नति गर्ने गत आर्थिक वर्ष को निर्णयानुसार हाल अस्पताल सञ्चालनमा ल्याइएको छ । साथै अस्पतालको लागि आवश्यक थप चिकित्सक लगायत स्वास्थ्यकर्मीहरुको छनौट कार्य समेत सम्पन्न भई सकेको छ ।

१७. उपमहानगरपालिकाको दुर्गम वस्ती वडा नं १६ को आकाशधारा र वडा नं. १ को नकौलीमा विशेषज्ञ चिकित्सक सहित स्वास्थ्य शिविर सञ्चालन गरी १६८ जनालाई स्वास्थ्य परीक्षण सेवा प्रदान गरिएको छ ।

१८. नेपाल सरकारको प्रचलित कानुन बमोजिम स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने औषधीको वितरण व्यवस्थालाई नियमित र प्रभावकारी बनाउन चालु आर्थिक वर्ष को लागि आवश्यक पर्ने औषधी खरिद कार्य सम्पन्न भएको छ ।

## शिक्षा विकास तथा खेलकूद तर्फ

१९. नगर क्षेत्रका ७३ सामुदायिक विद्यालयहरुमा ECD देखि ५ सम्मका विद्यार्थीहरुलाई दैनिक रु.१५ का दरले खाजा रकम उपलब्ध गराउने कार्य निरन्तर रुपमा रहेको छ ।

१००. वडा नं. ३ का २ सामुदायिक मा.वि. मा गत वर्षदेखि अंग्रेजी माध्यमबाट शिक्षण सिकाई क्रियाकलापको व्यवस्थापन गरिएकोमा उक्त कार्य प्रभावकारी देखिएकाले निरन्तरता दिइएको छ ।

१०१. उपमहानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयमा अध्ययनरत गरिब तथा असहाय विद्यार्थीहरुलाई छात्रवृत्ति, शैक्षिक सामग्री सहयोग सम्बन्धित शिक्षण संस्थासँग समन्वय गरी उपलब्ध गराइएको छ ।

१०२. नगर क्षेत्रभित्रका सामुदायिक विद्यालयका ६ देखि १२ कक्षा सम्मका छात्राहरुलाई सेनेटरी प्याड वितरण तथा व्यवस्थापन गर्न खरिद प्रक्रिया अगाडि बढाइएको छ ।

१०३. राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत नगरभित्रका सामुदायिक विद्यालयहरुमा पूर्वाधार सुधार, आइसिटी र पुस्तकालय कार्यक्रम कार्यान्वयन गर्न सूचना प्रकृया अगाडि वढाइएको छ ।

१०४. आधारभूत तह र माध्यमिक तह शिक्षण सहयोग अनुदान अन्तर्गत आधारभूत तह(६-८) र माध्यमिक तह (९-१०) मा शुन्य वा एक दरबन्दी भएको विद्यालयहरुलाई अंग्रेजी, गणित र विज्ञान विर्षयमा शिक्षण सहयोग अनुदान उपलब्ध गराइएको छ ।

१०५. स्वीस सरकारको सहयोगमा सञ्चालित लक्षित वर्गका युवाहरुलाई सीप सिकाएर रोजगार बनाउने परियोजना (इन्स्योर) अन्तर्गत ५ वटा विद्यालयका ५७० जना विद्यार्थीहरुलाई वृत्ति मार्ग निर्देशन सम्बन्धी अभिमुखीकरण तथा सम्झौता गरी कार्यान्वयनको चरणमा पुगेको छ । चालु आर्थिक वर्ष मा ६० जनालाई सीप सिकाई रोजगार दिने लक्ष्य रहेकोमा हालसम्म २० जना छनौट भई सकेको अवस्था छ ।

१०६. नगरका ३ वटा विद्यालयहरुमा बहुकक्षा बहु-स्तर कार्यक्रम सञ्चालन गरी शिक्षण प्रभावकारिता अभिवृद्धि गरिएको छ ।

१०७. बालविकास शिक्षकको लागि दरवन्दी मिलानका लागि पूर्व प्राथमिक तहमा अध्ययन गर्ने विद्यार्थीहरुको तथ्यांक संकलन कार्य सम्पन्न भएको छ ।

१०८. बालबालिकाको शैक्षिक पहुँचलाई सुनिश्चित गर्न वडा नं १५ को बंगेरी टोलमा सिकाई केन्द्र स्थापना गरी कार्यान्वयनमा ल्याइएकोमा उक्त केन्द्रबाट २५ जना बालबालिका लाभान्वित भएका छन् ।

१०९. एम. बी. बी. एस छात्रवृत्ति प्रदान गर्नका लागि एम. बी. बी. एस छात्रवृत्ति वितरण सम्बन्धी कार्यविधि, २०७९ बमोजिम ४ जना विद्यार्थी छनौट कार्य सम्पन्न गरिएको छ ।

११०. नमुना विद्यालय जनप्रिय मा.वि.को शैक्षिक र व्यवस्थापकीय सुधारका लागि विनियोजित बजेट निकासा गर्न विद्यालयसंग सम्झौता कार्य सम्पन्न गरिएको छ ।

१११. हेटौंडा क्याम्पस संचालनका लागि विनियोजित रु. २० लाख निकासा गरिएको छ ।

११२. खेलकूद अन्तर्गत हेटौंडा साईकल रन, जिल्ला स्तरीय क्रिकेट प्रतियोगिता, नागसोती भेट्रान्स फूटवल प्रतियोगिता, जिल्ला स्तरीय बक्सिङ्ग प्रतियोगिता, एशियन कप बुद्धिचाल प्रतियोगता, राष्ट्रपति रनिङ शिल्ड छनौट प्रतियोगिता लगायत विभिन्न खेलकुद प्रतियोगिताहरु सम्पन्न भएका छन् ।

११३. छात्राहरुका लागि सेल्फ डिफेन्स तालिम कार्यक्रम सम्पन्न भएको छ ।

११४. लागूऔषध दुर्व्यसन नियन्त्रण तथा न्यूनीकरणको लागि अभिमुखीकरण कार्यक्रम सम्पन्न गरिएको छ ।

११५. किशोर किशोरीहरुको लागि जीवन जीउने कला (Art of Living) सम्बन्धी तालिम कार्यक्रम सम्पन्न गरिएको छ ।

११६. विद्यालयका शिक्षकको दरबन्दी मिलान मापदण्ड तय भई विद्यालयगत रुपमा कट्टा हुने दरवन्दी र थप हुने दरवन्दी सहितको सूची समेत प्रमाणीकरण भई सकेको छ ।

११७. नगरलाई आकर्षक शैक्षिक गन्तव्य बनाउने उद्देश्यले यस उपमहानगरपालिकामा कानुन र कृषि विज्ञान विर्षयको स्नातक तह सञ्चालनका लागि पूर्वाञ्चल विश्व विद्यालयसंग सम्बन्धन लिने कार्य प्रकृयामा रहेको छ ।

**नगर सभाका अध्यक्ष महोदय,**

**यस सम्मानित सभा समक्ष चालु आर्थिक वर्षको लागि गत आर्थिक वर्ष को विनियोजित बजेट असार गत आर्थिक वर्षको असार मसान्त सम्मको वास्तविक आय व्यव, चालु आर्थिक वर्ष को आय व्ययको अवस्था तथा चालु आर्थिक वर्षको बजेटमा गरिनुपर्ने संसोधन प्रस्ताव यस सम्मानित नगरसभाको अधिवेशन समक्ष पेश गर्दछु ।**

११८. गत आर्थिक वर्षको असार १० गते प्रस्तुत संशोधित अनुमान सहित रु.२ अर्व ६८ करोड ६० लाख १० हजारको आय व्यय अनुमान पेश भई पारित भएकोमा सशर्त बजेट, अघिल्लो वर्षको मौज्दात र रकमान्तर समेत थप भई रु. २ अर्ब ७५ करोड ७६ लाख ६५ हजार रुपैयाँ वास्तविक आय व्यय कायम भएको छ । उक्त वास्तविक आय व्यव अनुमान अनुमोदनका लागि यस सम्मानित सभा समक्ष पेश गरेको छु ।

११९. चालु आर्थिक वर्षको हालसम्मको अवधिमा आय तर्फ सङ्घीय सरकार समानीकरण तथा सशर्त अनुदान तर्फ रु. ५५ करोड २३ लाख ३५ हजार, समपूरक अनुदान तर्फ रु.२३ लाख ७५ हजार, विशेष अनुदान तर्फ ८७ लाख ५० हजार  प्रदेश सरकार समानीकरण, सशर्त र समपुरक अनुदान गरी रु. ५ करोड ६४ लाख ६९ हजार, संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने राजश्व बाँडफाँट तर्फ रु. ११ करोड ११ लाख ४८ हजार, उपमहानगरपालिकाको आन्तरिक स्रोत तथा अ.ल्या.आम्दानी समेत गरी हालसम्म जम्मा रु.७४ करोड २ लाख ५ हजार प्राप्त भएको छ जुन कुल प्रक्षेपण गरिएको आयको ५३.३५ प्रतिशत हुन आउछ ।

१२०. त्यसैगरी खर्चतर्फ कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रतर्फ हालको अवधि सम्म रु. २१ करोड ५३ लाख २७ हजार ८८०  अर्थात ४८.२६ प्रतिशत, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु.१ करोड ९७ लाख ६०७ अर्थात ११.५६ प्रतिशत, पूर्वाधार विकास क्षेत्र तर्फ रु. ८ करोड ५७ लाख ८५ हजार अर्थात १८.६८ प्रतिशत, सामाजिक विकास क्षेत्र तर्फ रु.३१ करोड ९९ लाख ४४ हजार अर्थात ३१.९८ प्रतिशत र आर्थिक विकास क्षेत्र तर्फ रु. ८६ लाख ४० हजार अर्थात ६.९६ प्रतिशत समेत गरी कुल व्यय रु. ६४ करोड १८ लाख ९६ अर्थात ३०.०५ प्रतिशत रकम खर्च भैसकेको अवस्था छ । यस अवधिमा अधिकांश क्षेत्रगत आयोजना तथा कार्यक्रमहरु सम्झौता भई कार्य सञ्चालनको क्रममा रहेको र खर्च भुक्तानी नभई सकेको हुँदा क्षेत्रगत खर्चमा कमी देखिएकोमा आगामी  अवधिमा यसमा उल्लेखनीय प्रगति हुने अपेक्षा लिएको छु ।

१२१. गत वर्ष सम्झौता भई रु. ३१ करोड भन्दा बढी जिम्मेवारी सरेको विदितै छ । जिम्मेवारी सरेका आयोजनाहरुको रकम भुक्तानीका लागि चालु आर्थिक वर्ष को बजेटमा रु.१० करोड ७० लाख बजेट विनियोजन भएकोमा अधिकांश शीर्षकमा योजना तथा कार्यक्रम सम्पन्न भई भुक्तानीका लागि पेश भएपनि रकम अभावका कारण भुक्तानी रोकिएको अवस्था छ । चालु आर्थिक वर्ष मा खानेपानी महशुल भुक्तानीका लागि रु.२ करोड, समपुरक

योजनाहरुमा म्याचिंग गर्नका लागि रु.३ करोड, तथा अन्य प्रशासनिक शीर्षकहरुमा समेत रकम नपुग हुने देखिएकोले चालु आर्थिक वर्ष का लागि विनियोजन भएका शीर्षकहरु संसोधित बजेट यस सम्मानित सभा समक्ष स्वीकृतिका लागि प्रस्ताव गरेको छु ।

१२२. चालु आर्थिक वर्ष मा विनियोजन भएका विभिन्न शीर्षकहरुबाट अनुसूची २ बमोजिमको रकम कटौती हुने र चालू आर्थिक वर्ष को संसोधित थप राजस्व प्रक्षेपणको आधारमा अनुसूची ३ बमोजिमको थप स्रोत परिचालन गरिंदा चालु आर्थिक वर्ष को बजेटको आकार वढ्न गई रु.२ अर्ब ९० करोड ६२ लाख ६५ हजार प्रस्ताव गरेको छु ।

१२३. नगरसभाको १३ औं अधिवेशनबाट स्वीकृत भएको बजेट तथा कार्यक्रमहरु संसोधन एवम्  शीर्षक परिवर्तनका लागि विभिन्न महाशाखा एवम्  वडा कार्यालयबाट प्राप्त लिखित प्रस्ताव बमोजिम गरिएको कार्यक्रम र शीर्षकहरुमा अनुसूची ४ बमोजिम हुने गरी संसोधन स्वीकृत हुन यस गरिमामय नगरसभा समक्ष प्रस्ताव पेश गरेको छु ।

**नगर सभाका अध्यक्ष महोदय,**

१२४. चालु आर्थिक वर्षको लागि नगर सभाबाट पारित नीति तथा कार्यक्रम र संशोधित बजेटले नगरवासीका जीवनस्तरमा गुणात्मक सुधार हुँदै जाने, नगरमा उपलब्ध स्रोत साधनको उच्चतम उपयोगबाट नगरवासीको आर्थिक उन्नतिमा टेवा पुग्ने र वञ्चितिमा परेका वर्ग, क्षेत्र तथा समुदायहरुको विकासमा मूलप्रवाहीकरण भई समावेशिताको प्रवर्द्धन मार्फत स्थानीय लोकतन्त्र सुदृढ हुने विश्वास लिएको छु ।

१२५. अन्त्यमा चालु आर्थिक वर्षको मंसिर मसान्तसम्मको प्रगति समीक्षा सहितको संशोधित बजेट तर्जुमा गर्दा मार्गदर्शन गर्नुहुने नगर प्रमुखज्यू, विर्षयगत समितिका संयोजक एवम् सदस्यहरु, वडा अध्यक्षहरु, प्रमुख

प्रशासकीय अधिकृत लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, बुद्धिजीवी, सञ्चार जगत तथा सम्पूर्ण नगरवासीहरुलाई धन्यवाद ज्ञापन गर्दै आभार प्रकट गर्दछु ।

**धन्यवाद ।**

राजेश बानियाँ

उपप्रमुख

मिति २०८० साल पौष २१ गते